सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी
माननीय न्यायाधीश श्री शान्तिसिंह थापा

आदेश

०८२-WH-०२७४

विषयः-बन्दीप्रत्यक्षीकरण।

ज्योति प्रकाश पाण्डेको हकमा पत्नि निरु दाहाल..............................................निवेदक

विरुद्ध

श्री नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत....................प्रत्यर्थी

निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री सुशिल कुमार पन्त, श्री शम्भु थापा र श्री रमन कुमार श्रेष्ठ तथा विद्वान अधिवक्ताहरु श्री कृष्ण थापा, श्री दिपक श्रेष्ठ, श्री तिलक विक्रम पाण्डे, श्री अनुपराज उप्रेती, श्री सार्दुल थापा र श्री सुजन राज मरासिनीले गर्नुभएको बहस सुनियो। प्रत्यर्थीको तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान नायब महान्यायाधिवक्ताद्वय श्री संजीवराज रेग्मी र श्री लोकराज पराजुली तथा विद्वान सहन्यायाधिवक्ता श्री श्रीधर अर्यालले गर्नुभएको बहस सुनियो।

यसमा निवेदक प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत रहेको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडले स्मार्ट टेलिकम प्रा.लि. लाई बैंकबाट अधिविकर्ष कर्जा, दिर्घकालीन कर्जा, प्रतितपत्र कर्जा, बिल (Usance LC), बैंक जमानत, अल्पकालीन कर्जा उपभोग गर्ने प्रयोजनको लागि सो कम्पनीको मेशिनरी तथा औजार समेत बैंकको धितो कायम रहने गरी मिति २०७६/०९/२९ मा हाइपोथिकेशन कर्जा शीर्षकमा लिखत गरी कर्जा प्रवाह गरेकोमा ऋणी स्मार्ट टेलिकम प्रा.लि. ले उल्लेखित बैंकको ऋण चुक्ता गर्न नसकेको अवस्थामा उक्त हाइपोथिकेशन लिखत एवं नेपालको प्रचलित कानुन बमोजिम उक्त कम्पनीको मेशिनरी तथा औजार लिलाम बिक्री गर्न पाउने निर्विवाद अधिकार बैंकमा निहित रहेको छ। यसरी कानुन बमोजिम लिलाम प्रक्रिया गरिएको अवस्थामा बैंकले ऋण कर्जा तथा बैंकिङ्ग सुविधा प्रदान गर्दाको अवस्थामा क्रियाशील नै नरहेको "अनुमतिपत्र बहाल नरहेका दुरसंचार सेवा प्रदायकको

सम्पत्ति व्यवस्थापन नियमावली, २०७९" लाई आधार कारण देखाई लिलामको कार्य माथि नै प्रश्न खडा गरी मेरा पतिलाई गैरकानुनी तवरले पक्राउ गरी हिरासतमा लिएको कार्य गैरकानुनी रहेको हुनाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी हिरासत मुक्त गरी पाऊँ भनी प्रस्तुत रिट निवेदन दायर हुन आएको देखिन्छ।

नेपालको संविधानले धारा ४८ मा नागरिकको कर्तव्य सम्बन्धमा गरेको संवैधानिक व्यवस्था र प्रचलित कानुनको पालना र कार्यान्वयनमा सहयोग गर्नु रिट निवेदकको समेत कर्तव्य हो। सो बमोजिम नगरी कानुनी व्यवस्था विपरीत कसैले कुनै काम कारवाही गरेको अवस्थामा कानुन बमोजिम आवश्यक कारवाही हुने नै हुन्छ। यस्ता विषय रिट क्षेत्राधिकारका विषय बन्न सक्ने अवस्था नदेखिएकाले सक्षम निकायले कानुन बमोजिम अनुसन्धान गर्न अनुमति प्राप्त गरी काम कारवाही गरेको विषयलाई गैरकानुनी भन्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ भन्ने समेत बेहोराको नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंको तर्फबाट लिखित जवाफ पेश हुन आएको देखिन्छ।

उषा प्रधानको जाहेरीले आपराधिक विश्वासघात तथा ठगीको कसूरमा नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरो, लाजिम्पाट, काठमाडौंको च.नं. ११७२१, मिति २०८३/०१/३० को पत्रको माग बमोजिम यस अदालतबाट ज्योति-प्रकाश पाण्डेका नाउँको मिति २०८३/०१/२९ को जरुरी पक्राउ पुर्जी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उपदफा (६) बमोजिम स्वीकृत भएकोमा जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंको च.नं. २०२१२ मिति २०८३/०१/३० को पत्र माग बमोजिम मिति २०८३/०१/३० देखि लागु हुने गरी ३(तीन) दिन हिरासतमा राखी अनुसन्धान गर्न म्याद थप गरिएको हुँदा सो कार्य कानुन बमोजिम नै देखिँदा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत बेहोराको काठमाडौं जिल्ला अदालतको तर्फबाट लिखित जवाफ पेश भएको देखिन्छ।

प्रस्तुत मुद्दामा केन्द्रिय अनुसन्धान ब्युरो काठमाडौंको पत्रबाट मुद्दाको उठान भई सो को सम्बन्धमा कानुनी प्रक्रिया पुरा गरी निज निवेदकका पतिलाई अनुसन्धानका सिलसिलामा हाल प्रहरी हिरासतमा राखी अनुसन्धान भईरहेकोमा मुलकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९, १३, १४ बमोजिम समेतको रित पुऱ्याई अपराध अनुसन्धानको सिलसिलामा यस कार्यालयले कानुनले तोकेको जिम्मेवारी निर्वहन गरिरहेको अवस्थामा यस कार्यालयलाई विपक्षी

बनाई दायर गरिएको रिट निवेदन भ्रमपूर्ण हुँदा खारेज गरिपाउँ भन्ने समेत बेहोराको जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंको तर्फबाट लिखित जवाफ पेश भएको देखिन्छ।

यसमा रिट निवेदकको श्रीमान उपर ठगी तथा आपराधिक विश्वासघात सम्बन्धी कसूरको जाहेरी दरखास्त नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरो, लाजिम्पाट काठमाडौंमा मिति २०८३/०१/२८ गते प्राप्त हुन आए पश्चात जाहेरी दरखास्तमा प्रतिवादी बनाइएका ज्योति प्रकाश पाण्डेलाई तत्काल पक्राउ नगर्दा भागी फरार हुन सक्ने मनासिब कारण देखिएकोले तत्काल मिति २०८३/१/२९ गते जरुरी पक्राउ पूर्जी दिई मिति २०८३/१/३० मा अदालतबाट समर्थन गराई ३(तीन) दिन म्याद थप अनुमति प्राप्त गरी कानुन बमोजिम थुनामा राख्ने आदेश भएको हुँदा कानुन बमोजिम नै अनुसन्धानको लागि प्रहरी हिरासतमा राखिएकोले प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्ने समेत बेहोराको नेपाल प्रहरी प्रधान कार्यालय, नक्सालको तर्फबाट लिखित जवाफ पेश हुन आएको देखिन्छ।

रिट निवेदकलाई कानुन बमोजिम पक्राउ गरी काठमाडौं जिल्ला अदालतबाट म्याद थप अनुमति प्रदान भई निजको बयान गराउने समेतको कार्य जारी नै रहेको, बाँकी रहेको अनुसन्धान कार्य पुरा गर्न निजलाई प्रहरी हिरासतमा नराख्दा निज भागी फरार हुन सक्ने, साक्षीहरुलाई प्रभावमा पारी सबुद प्रमाण लोप/नाश/परिवर्तन गर्न सक्ने हुँदा सोबाट सम्पूर्ण अनुसन्धान प्रभावित भई गम्भिर प्रकृतिको कसूरको अनुसन्धान तहकिकात गर्न र सञ्जाल पत्ता लगाई अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन कठिनाई उत्पन्न हुने देखिएकोले निजलाई थुनामा राखी कसूरसँग सम्बन्धित बयान समेतका अनुसन्धान कार्य गर्नुपर्ने अवस्था रहेकोले आफू संलग्न रहेको कसूरबाट बच्न भिन्न विषय र प्रसङ्ग उठान गरी दायर रहेको रिट निवेदन बदरभागी छ भन्ने समेत बेहोराको नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरो, लाजिम्पाट, काठमाडौंको तर्फबाट लिखित जवाफ पेश हुन आएको देखिन्छ।

प्रस्तुत रिट निवेदनमा निवेदक तर्फबाट तथा प्रत्यर्थीहरुका तर्फबाट प्रस्तुत बहस सुनी निवेदनपत्र सहितको मिसिल एवं आदेशानुसार प्राप्त प्रमाण कागजात अध्ययन गरी हेर्दा, यसमा स्मार्ट टेलिकमले नेपाल दुरसञ्चार प्राधिकरणबाट दुर सञ्चार सेवा प्रदायकको इजाजतपत्र प्राप्त गरी सो स्मार्ट टेलिकमले नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडसँग मिति २०७६/९/२९ मा हाइपोथिकेशन कर्जा लिएकोमा सम्झौता बमोजिम कर्जा नियमित नगरी कर्जा चुक्ता नगरेको हुँदा बैंकले नियमानुसार ३५ दिने सूचना, १५ दिने सूचना समेत प्रकाशन गरी धितो जमानतमा

रहेको सम्पत्ति लिलाम मुचुल्का समेत गरी व्यवस्थापन गरेको कार्यका सम्बन्धमा बैंकको प्रमुख कार्यकारीको भूमिकामा रहेका निवेदक ज्योति प्रकाश पाण्डेका विरुद्ध ठगी तथा आपराधिक विश्वासघात सम्बन्धी कसूरमा मिति २०८३/१/२९ मा पक्राउ गरी हिरासतमा राखिएको र काठमाडौं जिल्ला अदालतबाट निवेदकलाई हिरासतमा राखी अपराध अनुसन्धान गर्न अनुमती समेत प्रदान भए गरेको अवस्था देखिन आयो। आरोपित कसूर सम्बन्धमा अनुसन्धान तहकिकात भई रहेकोले अन्य तथ्यगत अवस्था सम्बन्धमा प्रस्तुत निवेदनको रोहबाट विचार गरी रहन पर्ने भएन। तर निवेदकको पदिय जिम्मेवारी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९, ८०, ८४, बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५५, ५७ दुर सञ्चार ऐन, २०५३ को दफा ३३ साथै अनुमतिपत्र बहाल नरहेका दुरसंचार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम ५, २६ समेतलाई दृष्टिगत गरी हेर्दा, नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडले २०७६ सालमा स्मार्ट टेलिकमलाई कर्जा प्रवाह गरीसकेपछि मिति २०७९/८/१९ मा अनुमतिपत्र बहाल नरहेका दुरसंचार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ जारी भएको र मिति २०८०/१/२ मा स्मार्ट टेलिकम प्रा.लि. को इजाजत नविकरण हुन नसकी रद्द हुन गएको परिप्रेक्ष्यमा यस अदालतबाट नि.नं. १०५०४, नि.नं. ९७४४ समेतमा प्रतिपादित सिद्धान्त समेतको आलोकमा विचार गर्दा निवेदकलाई हिरासतमा नै राखी अनुसन्धान तहकिकात गर्नु पर्ने सम्मको अवस्थाको विद्यमानता देखिन आएन।

अतः बन्दी ज्योति प्रकाश पाण्डेलाई निवेदकले रोजेको निजको तर्फबाट प्रतिनिधित्व गर्ने कुनै एक वरिष्ठ अधिवक्ताको रोहवरमा देश छोडि बाहिर जानु पर्दा अदालतको अनुमति लिएर मात्र जान पाउने तथा अपराध अनुसन्धान तहकीकातको सन्दर्भमा आवश्यक परेका बखत उपस्थित हुने, गराउने गरी कागज गराई थुनामुक्त गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ बमोजिम हाजिर जमानीमा राखी आरोपित कसूरको अनुसन्धान तहकिकात गर्नु, गराउनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी दिएको छ। आदेशको पूर्णपाठ तयार हुन समय लाग्ने भएकोले यो संक्षिप्त आदेश जारी गरी दिएको छ।

न्यायाधीश

न्यायाधीश

इति सम्वत् २०८३ साल जेठ १ गते रोज ६ शुभम् ---------------------------------------।